**निर्णय नं. १**

करदाता सेवा कार्यालय, दमौली आन्तरिक राजश्व कार्यालयको रुपमा सेवा बिस्तार हुने क्रममा रहेको सन्दर्भमा सो कार्यालयको स्वामीत्वमा घर जग्गा नरहेको र भाडामा कार्यालय संचालन गर्न कठीन भएको अवस्थामा सहकारी डिभिजन कार्यालय स्थानीय तहमा हस्तान्तरण भै सकेको अवस्थामा उक्त भवन तथा जग्गा आन्तरिक राजश्व कार्यालयलाई हस्तान्तरण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा तयार गरिएको जिल्ला समन्वय समितिको अन्तरिम दरवन्दी संरचनामा यस कार्यालयलाई थप कर्मचारी आवश्यक पर्ने देखिएकोले देहाय बमोजिमको दरवन्दी थप गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

१. सूचना प्रविधी अधिकृत १ (एक)
२. सहायकस्तर पाँचौं तह १ (एक) प्रमुखको सचिवालय
३. कार्यालय सहयोगी १ (एक) प्रमुखको सचिवालय

**निर्णय नं. ३**

जिल्ला समन्वय समितिको आ.व. २०७४/०७५ को आन्तरिक कोषको रकम सम्वन्धमा :

क) आ.व. २०७४/०७५ को जिल्ला समन्वय समितिको आन्तरिक आयको विवरण र चालु वर्ष २०७४/०७५ को खर्च विवरण तथा आगामी आ.व. २०७५/०७६ को प्रस्तावित आय/व्यय विवरण सम्वन्धमा जानकारी भयो ।

ख) आ.व. २०७४/०७५ मा प्राप्त जिल्ला समन्वय समिति अनुदानबाट नपुग भएको जिल्ला समन्वय समितिको अनिवार्य दायित्व कर्मचारी तलव, कार्यालय संचालन, अनुगमन मूल्याङ्कन, सवारी साधन मर्मत शिर्षकमा जिल्ला समन्वय समिति आन्तरिक कोषबाट गरिएको खर्च चालु तर्फको रु. ६९,६९,५८३।३५ र पुजिंगत तर्फको रु. २५,११,३३७।९९ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग) जिल्ला समन्वय समितिको स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको सेवा अवकाश पश्चात उपदान तथा अन्य सुविधा रकम उपलब्ध गर्ने प्रयोजनार्थ रहेको कर्मचारी कल्याण कोषमा रकम अत्यान्तै न्यून रहेको हुँदा आवश्यक पर्ने रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने र मन्त्रालयबाट उपलब्ध नभएमा जिल्ला समन्वय समिति कोषबाट आवश्यक रकम मध्ये १ (एक) करोड कर्मचारी कल्याण कोषमा विनियोजन गर्ने निर्णय गरियो ।

घ) प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) र मालपोत रजिष्ट्रेशन वापत आ.व. २०७४/०७५ मा संकलित रकम बाँडफाँडका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने र मन्त्रालयबाट बाँडफाँड मापदण्ड प्राप्त नभएको अवस्थामा ढुङ्गा, गिट्टी, बालुवा लगायतको स्रोत संकलन भएको स्थानीय तहलाई ६०%, जिल्ला समन्वय समितिलाई १०% र बाँकी ३०% सबै स्थानीय तहलाई समानुपातिक रुपमा बाँडफाँड गर्ने तथा मालपोत रजिष्ट्रेशन वापत आ.व. २०७४/०७५ मा संकलित रकम सम्बन्धित स्थानीय तहलाई शत प्रतिशत रकम उपलब्ध गराउने।

ङ) आ.व. २०७४/०७५ मा विद्युत रोयल्टी वापत प्राप्त हुने रकम प्राप्त नभएको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने

च) जिल्ला समन्वय समितिको आन्तरिक आयको कोष संचालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने

**निर्णय नं. ४**

जिल्ला सभा संचालन सम्बन्धी कार्यविधी, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधी, २०७५ का सम्बन्धमा जिल्ला सभाका सदस्यहरुले दिएको सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तनहुँ जिल्ला साविक फराकचौर ९/ग कि.नं. ६०३ स्थित जिल्ला समन्वय समितिको स्वामत्विमा रहेको क्षेत्रफल ०-१-३-३ को जग्गामा सोही स्थान कि.नं. ६९१ क्षेत्रफल ०-१-३-३ जग्गा धनी रेवतराज शाहले २०५७ सालमा घर निर्माण गरेकोमा उक्त जग्गा साटफेर गर्ने अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तनहुँ जिल्ला साविक फराकचौर ९/ट कि.नं. ३४ र ३५ देउरालीनगर स्थित जिल्ला समन्वय समितिको स्वामत्विमा रहेको क्षेत्रफल २९-९-२-० को जग्गामा अव्यवस्थित रुपमा बसेका व्यक्तिहरुको सम्बन्धमा साविक जिल्ला विकास समितिद्धारा गठीत जग्गा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा प्रचलित मुल्य लिई सम्बन्धित व्यक्तिलाई बिक्री गर्न अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

जिल्ला समन्वय समिति र दिपेश बस्नेत बिच जिल्ला समन्वय समितिको स्वामीत्वमा रहेको गणेशमान चोक स्थित जग्गामा भएको सम्झौता बमोजिम हाल कायम रहेको जग्गाको भाडादर ५०% बृद्धि गर्ने तथा अन्यको हकमा जिल्ला समन्वय समितिले पेश गरेको जग्गा भाडादर कायम गरि सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तनहुँ भेटघाट वर्षका रुपमा हरेक स्थानीय तहले आन्तरिक पर्यटनलाई प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्धेश्यले वर्षको १ पटक विविध कार्यक्रम सहित महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

जिल्ला समन्वय समितिको उप प्रमुख, जिल्ला समन्वय समितिका सदस्य तथा स्थानीय तहका वडाअध्यक्षहरुको मर्यादाक्रम निर्धारण सम्बन्धमा सम्बन्धित मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

जिल्ला सभा सदस्य श्री गिनुमाया थापाको ससुराको असमायिक निधन प्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।